गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(बैठक तथा प्रशासन शाखा)

पत्र संख्या : २०८०/८१

चलानी नं.: १५८१

पोखरा,
नेपाल ।

मिति २०८०/१२/१२

**विषय: राजीनामा/अनिवार्य अवकाश स्वीकृति सम्बन्धमा।**

जरुरी

श्री मन्त्रालय (सबै),
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय,
श्री गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान,
श्री स्थानीय तह (सबै),
गण्डकी प्रदेश।

प्रस्तुत विषयमा राष्ट्रिय किताबखाना (निजामती) को च.नं. ५९८ मिति २०८०/१२/०६ को पत्रानुसार कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूको राजीनामा/अनिवार्य अवकाश सम्बन्धमा *नेपाल सरकार माननीय मन्त्रिस्तरको मिति २०७६।०५।०९ को निर्णयानुसार तथा स्थानीय निकायको हकमा संशोधित मिति २०७७।१०।०७ को परिपत्रानुसार* राजीनामा/अनिवार्य अवकाश स्वीकृति भई सेवा सुविधाको लागि सो किताबखानामा सिफारिस हुनुपर्नेमा कतिपयको परिपत्रानुसार स्वीकृत भएको नदेखिएकोले तहाँ मन्त्रालय/निकाय/स्थानीय तह र मातहत निकाय/कार्यालयमा सोही परिपत्रानुसार कार्यान्वयन गर्नु गराउनुहुन प्राप्त पत्रको छाँयाप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रवीण ढकाल)
उपसचिव

**बोधार्थ:**
श्री राष्ट्रिय किताबखाना (निजामती),
हरिहरभवन, ललितपुर।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

## (निजामती)

पत्र संख्याः०८०/८१/ केन्द्रिय फाइलिङ्ग
चलानी नं. ५३८

मिति २०८०।१२।०६

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय वागमती प्रदेश हेटौडा।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मधेश प्रदेश जनकपुर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेश विराटनगर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेश दाङ्ग देउखुरी ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुदुर पश्चिम प्रदेश गोदावरी ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पोखरा।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
गण्डकी प्रदेश
दर्ता नं.: १६६५
मिति: २०८०।१२।१२

विषय :–राजिनामा / अनिवार्य अवकास स्वीकृति सम्वन्धमा ।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन२०७५अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकास स्वीकृति सम्वन्धमा नेपाल सरकार मा.मन्त्रिस्तरको मिति २०७६।०५।०९ निर्णयानुसार तथा स्थानीय निकायको हकमा संशोधित मिति २०७७।१०।०७को परिपत्रानुसार स्वीकृति भै सेवा सुविधाको लागि सिफारिस हुनुपर्नेमा कतिपयको परिपत्रानुसार स्वीकृत भएको नदेखिदा सेवा सुविधा जारी गर्न मिल्ने नदेखिएको हुँदा सेवाग्राहि पुन परिपत्रानुसार सम्वन्धित अधिकारीवाट स्वीकृतिको लागि जानु पर्ने वाध्यता देखिएको अवस्थामा देहाय वमोजिम परिपत्रमा उल्लेख भएको अधिकारीवाट स्वीकृत भै सिफारिस हुन मातहत कार्यालयमा जानकारी तथा सहजिकरणको लागि प्रदेश तहमा समायोजन भएका कर्मचारीहरुको मिति २०७६।०५।०९को परिपत्रानुसार साथै स्थानीय निकायको हकमा संशोधित मिति २०७७।१०।०७को परिपत्रानुसार हुन उक्त परिपत्रको छायाँप्रतिहरु यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१.सहायकस्तर पाँचौ तह सम्मका कर्मचारीहरुको राजिनामा / अनिवार्य अवकास सम्वन्धित कार्यालयको (कम्तिमा आठौ तहको ) कार्यालय प्रमुख वा सम्वन्धित मन्त्रालयको सचिवले स्वीकृत गर्ने ।

२. अधिकृत छैठौ ,सातौ, आठौ, नवौ र दशौ तहका प्रसासन एव प्राविधिक सेवाका कर्मचारीहरुको सम्वन्धित प्रदेशको प्रमुख सचिवले स्वीकृत गर्ने ।

३.एघारौ तहको कर्मचारीहरुको राजिनामा / अनिवार्य अवकास नेपाल सरकारले स्वीकृत गर्ने ।

४.प्रदेश सरकार मातहतका पदाधिकारीवाट राजिनामा स्वीकृत हुनेमा निजामती सेवा ऐन २०४९को दफा ३७को उपदफा(३) मा व्यवस्था भए वमोजिम सेवा अवधि थप हुने गरी राजिनामा/अनिवार्य अवकास स्वीकृत गर्न सकिने ।

५.निजामती सेवा ऐन २०४९को दफा २०(क) उपदफा१ वमोजिम १श्रेणी माथिको पदमा वढुवा गर्नु पर्ने अवस्था देखिएमा कर्मचारी समायोजन ऐन २०७५ अनुसार समायोजन हुँदाको वखत एक तह वृद्धि नभएको भए (जस्तै खरिदार पाँचौ तहमा समायोजन नभएको भए नायव सुव्वा छैठौ तहमा समायोजन नभएको भए शाखाअधिकृत आठौ तहमा समायोजन नभएको भए उपसचिव दशौ तहमा समायोजन नभएको भए) एक तह वढुवा गरी अवकास दिने ।

कमल भुसाल
शाखा अधिकृत

नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७
चलानी .नं: २३१

मितिः- २०७६/०५/०९

श्री प्रदेश मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै,
श्री स्थानीय तह सबै,

विषयः- राजिनामा/अनिवार्य अवकाश स्वीकृति सम्वन्धमा।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश स्वीकृत देहाय बमोजिम गर्ने नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०७६/०५/०९ को निर्णयानुसार अनुरोध छ।

देहायः

प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा

१. सहायकस्तर पाँचौ तह सम्मका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश सम्वन्धित कार्यालयको (कम्तिमा आठौं तहको) कार्यालय प्रमुख वा सम्वन्धित मन्त्रालयको सचिवले स्वीकृत गर्ने।
२. अधिकृत छैठौं, सातौं, आठौं, नवौं, दशौं तहका प्रशासन एवं प्राविधिक सेवाका कर्मचारीहरुको सम्वन्धित प्रदेशको प्रमुख सचिवले स्वीकृत गर्ने ।
३. एघारौ तहका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश नेपाल सरकारले स्वीकृत गर्ने।
४. प्रदेश सरकार मातहतका पदाधिकारीवाट राजिनामा स्वीकृत हुनेमा निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) मा व्यवस्था भए बमोजिम सेवा अवधि थप हुने गरी राजिनामा /अनिवार्य अवकाश स्वीकृत गर्न सकिने।
५. निजामती सेवा ऐन, २०४९ को दफा २०(क) उपदफा १ बमोजिम १ श्रेणी माथिको पदमा बढुवा गर्नु पर्ने अवस्था देखिएमा समायोजन ऐन, २०७५ अनुसार समायोजन हुँदाका वखत एक तह वृद्धि नभएको भए (जस्तैः- खरिदार पाँचौ तहमा समायोजन नभएको भए, नायव सुव्वा छैठौं तहमा समायोजन नभएको भए, शाखा अधिकृत आठौं तहमा समायोजन नभएको भए उप-सचिव दशौं तहमा समायोजन नभएको भए) एक तह बढुवा गरी अवकाश दिने ।

स्थानीय तहमा समायोजन भएको कर्मचारीको हकमा

१. सहायक स्तर पाँचौ तह सम्मका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश कम्तिमा रा.प.तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्ने।
२. छैठौं, सातौं र आठौं तह सम्मका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश सम्वन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको सचिवले स्वीकृत गर्ने।

नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७
चलानी .नः २२१

३. नवौं र दशौं तहका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश सम्बन्धित प्रदेशको प्रमुख सचिवले स्वीकृत गर्ने ।

४. एघारौं तहका कर्मचारीहरुको राजिनामा/अनिवार्य अवकाश स्वीकृत नेपाल सरकारले गर्ने ।

५. निजामती सेवा ऐन, २०४९ को दफा २०(क) उपदफा १ बमोजिम १ श्रेणी माथिको पदमा बढुवा गर्नु पर्ने अवस्था देखिएमा समायोजन ऐन, २०७५ अनुसार समायोजन हुँदाका वखत एक तह बृद्धि नभएको भए (जस्तैः- खरिदार पाँचौ तहमा समायोजन नभएको भए, नायव सुव्वा छैठौं तहमा समायोजन नभएको भए, शाखा अधिकृत आठौं तहमा समायोजन नभएको भए उप-सचिव दशौं तहमा समायोजन नभएको भए) एक तह बढुवा गरी अवकाश दिने ।

६. स्थानीय तह वा प्रदेश मातहतका पदाधिकारीवाट राजिनामा स्वीकृत हुनेमा निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) मा व्यवस्था भए बमोजिम सेवा अवधि थप हुने गरी राजिनामा/अनिवार्य अवकाश स्वीकृत गर्न सकिने ।

२०७६।५।१

(जगत प्रसाद भुसाल)
शाखा अधिकृत

**बोधार्थः**
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन ललितपुर ।
श्री सूचना तथा प्रविधि शाखाः Website मा Upload गरिदिनु हुन ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : ०७७।७८

चलानी नं: ११४५

मितिः २०७७/१०/०७

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु (सबै),

श्री महा/उपमहा/नगरपालिकाहरु (सबै) ।

श्री गाउँपालिकाहरु (सबै) ।

विषयः राजिनामा तथा अनिवार्य अवकाश स्वीकृति सम्बन्धमा ।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका तथा सोही ऐनको दफा १२ बमोजिम विज्ञापन भई स्थानीय तहमा नियुक्ति भई कार्यरत कर्मचारीहरुको राजिनामा स्वीकृत गर्ने कार्यलाई सरलीकृत तथा पहुँचयोग्य बनाउन तपसिल बमोजिम व्यवस्था गरिएको व्यहोरा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७/१०/०४ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

| क्र. सं. | स्थानीय तह | नयाँ नियुक्ति भएका तथा समायोजन भएका कर्मचारीको तह | अर्को व्यवस्था नभएसम्मका लागि राजिनामा स्वीकृत गर्ने तथा अवकाश पत्र दिने अधिकारी | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिका | ५ र ६ औं तह सम्म | राजपत्राङ्कित तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृत | |
| | | ७ र ८ औं तह सम्म | सम्बन्धित गाउँपालिकाको राजपत्राङ्कित तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले पेश गरी सम्बन्धित जिल्लाको राजपत्राङ्कित द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारी | |
| २. | नगरपालिका | ५,६,७ र ८ औं तह सम्म | राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले गर्ने र सो नभएसम्म सम्बन्धित जिल्लाको राजपत्राङ्कित द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारी | |
| ३. | उपमहानगरपालिका र महानगरपालिका | ९ र १० औं तह सम्म | राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | स्थानीय तहमा तोकिएको दरवन्दी बमोजिमको कर्मचारी कार्यरत नरहेको अवस्थामा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिवले स्वीकृत गर्ने वा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारबाट स्वीकृत गर्ने | | | |

२०७७।१०।०७

(नरेन्द्र प्रसाद न्यौपाने)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, सं.मा. तथा सा.प्र.मं. (Website मा Upload हुन) ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३९७

पत्र संख्या:- ०७९।८०

चलानी नं.:- ६८०

मितिः २०८०/०२/१८

विषयः परिपत्र ।

श्री सबै मन्त्रालय/आयोग/कार्यालय/सचिवालय ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश) ।
श्री सबै स्थानीय तह ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०२/०९ को बैठकबाट तपसिल बमोजिमको निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिलः

सम्बन्धित प्रदेशको कानूनले व्यवस्था नगरेसम्मको लागि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्त भएका प्रदेश तथा स्थानीय तहका कर्मचारीको अध्ययन पूर्व स्वीकृति, स्वदेशी तथा वैदेशिक अध्ययन/तालिममा मनोनयन र अध्ययन तथा असाधारण विदा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० का आधारमा प्रदेशको प्रमुख सचिवले देहायबमोजिम स्वीकृति गर्ने गरी निजामती सेवा नियमावली, २०५० को नियम १३५ को उपनियम (१) बमोजिम अधिकार प्रत्यायोजन गर्नेः-

देहायः

क) प्रदेशमा कार्यरत राजपत्रांकित द्वितीय श्रेणीको उपसचिव वा अधिकृतस्तर दशौं तहसम्मको कर्मचारीको हकमा सम्बन्धित प्रदेश सचिवको सिफारिसमा र स्थानीय तहमा कार्यरत सोही श्रेणी वा तहसम्मका कर्मचारीको हकमा सम्बन्धित स्थानीय कार्यपालिकाको सिफारिसमा स्वीकृत गर्ने,

ख) खण्ड (क) बमोजिम प्रदान गरिएको स्वीकृतिको जानकारी प्रमुख सचिवले ३ दिनभित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सेवा समूह सञ्चालन गर्ने सङ्घीय मन्त्रालय र राष्ट्रिय किताबखाना (निजामती) मा समेत पठाई विवरण अद्यावधिक गर्ने गराउने ।

२०८०।२।१८

(रामु राज कडरिया)
उपसचिव

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, सं.मा. तथा सा.प्र.म.. *पत्र वेबसाइटमा राखिदिनुहुन साथै उल्लेखित सम्पूर्ण निकायको आधिकारिक ईमेल ठेगानामा पत्राचार समेत गर्ने व्यवस्था मिलाउनुहुन ।*

उ.प्र.प्र.
७।३।१३